नेपाल सरकार

गृह मन्त्रालय

# नेपाल हज समितिको सचिवालयको सूचना

२०७७ साल (सन् २०२०) मा साउदी अरबको मक्का-मदिनामा हज गर्न जान चाहने ईच्छुक नेपाली मुसलमानहरुले देहाय अनुसारका कागजातहरु संलग्न राखी मिति २०७६ साल मंसिर ०१ गते देखि २०७६ मंसिर ३० गतेसम्म सम्बन्धित जिल्ला प्रशासन कार्यालयहरुमा रीतपूर्वकको आवेदन फाराम पेश गर्न नेपाल हज समितिको मिति २०७६/०६/१२ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ। हज आवेदकले भर्ने फाराम गृह मन्त्रालयको वेभसाइट http://www.moha.gov.np मा गई Excel File डाउनलोड गरी Entry Sheet मा विवरण भरी Print Sheet बाट Print गर्न सकिनेछ। साथै गत वर्ष सन् २०१९ मा हज गर्न जान नपाएका हजयात्रीहरुलाई पहिलो प्राथमिकतामा राखी बाँकी आवेदकहरु मध्ये पहिले आवेदन गर्ने व्यक्तिलाई दोश्रो प्राथमिकताको पहिलो स्थान दिइने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइएको छ।

आवेदनसाथ संलग्न गर्नुपर्ने कागजातहरुः

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि -१ थान

२. सक्कलै राहदानी (MRP) -१ थान.

३. राहदानीको प्रतिलिपी -१ थान

(राहदानी वाहकको पूर्ण विवरणः नाम, ठेगाना, जन्म मिति, लिङ्ग तथा कार्यालयको छाप र हस्ताक्षर ठीक भए/नभएको एकीन भएको)

४. हवाई टिकट र साउदी अरबमा लाग्ने घरभाडा, परिवहन खर्च, मौल्लिम दस्तुर र मक्कामा खाना खर्च एकीन भए पछि थप रकम पुनः दाखिला गर्ने गरी हाललाई राष्ट्रिय वाणिज्य बैंक, सिंहदरवार शाखामा रहेको नेपाल हज समितिको चल्ती खाता नं. ११३००००३९६०१ वा सनराईज बैंक पुतलीसडक शाखामा रहेको नेपाल हज समितिको चल्ती खाता नं. ०२२०५२०६१३७०१००१ मा जम्मा हुने गरी राष्ट्रिय वाणिज्य बैंक वा सनराईज बैंकको कुनै पनि शाखाबाट रु. १,२५,०००।- (एक लाख पच्चिस हजार मात्र) जम्मा गरी जम्मा गर्ने व्यक्ति (आवेदक) को नाम र पासपोर्ट नं. उल्लेख गरेको सक्कलै भौचर -१ थान

५. हालसालै खिचिएको पासपोर्ट साईजको फोटो -४ प्रति

(फोटोको पछाडि नउड्ने मसीले नाम, पासपोर्ट नं. र ठेगाना अनिवार्य उल्लेख गरेको हुनुपर्ने)

६. महिला आवेदकको हकमा निजको साथमा मुस्लिम परम्परा अनुसार मेहरम भई हज गर्न जाने मिजका (पति, बुबा, दाजु, भाई, छोरा वा छोरीज्वाई मध्ये कुनै एकसँग) नाता खुल्ने कागजात र राहदानीको प्रतिलिपी समेत -१/१ प्रति